नगर कार्यपालिकाबाट पारित मिति: २०७५।११।२०

नगर सभाबाट प्रमाणित तथा प्रमाणिकरण मिति: २०७५।११।२२

राजपत्रमा प्रकाशित मिति: २०७५।११।२३

## अनुसूची १

छेडागाड राजपत्र

छेडागाड नगरपालिकाद्वारा प्रकाशित

भाग ४

## छेडागाड नगरपालिका

## नगरकार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २१४ को उपधारा (१) बमोजिमको छेडागाड नगरपालिका नगर कार्यपालिकाको बैठकले गरेक तल बमोजिमको निर्णयहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको कार्यविधि नं:१२

## छेडागाड नगरपालिकाको कार्यक्रम तथा योजना संचालन ,कार्यान्वयन र फरफारक कार्यविधि, २०७५

**प्रस्तावना:-** छेडागाड नगरपालिकाको समग्र श्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकूशलता र प्रभावकारिता अभिवृद्धि गर्ने उद्दश्यले नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय निकायलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय तहको आन्तरीक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय बालबालिका तथा सामाजिक, आर्थिक  दृष्टिकोण बाट पिछडिएको वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच रहने गरी सन्तुलन तवरबाट स्थानीय सेवा प्रवाह एंव विकास निर्माण कार्य र शासन प्रकृया जनमुखी,जवाफदेशी, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी,समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयूक्त गराउदै छेडागाड नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम छेडागाड नगरपालिकाको नगरसभाले मिति २०७५।११।२१ मा यो कार्यविधि स्विकृत गरी लागू गरिएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस कार्विधिको नाम "छेडागाड नगरपालिका कार्यक्रम तथा योजना संचालन, कार्यान्वयन  र फरफारक कार्यविधि, २०७५ रहनेछ ।"

२. **परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेसम्म यस कार्यविधिमा :-

छेडागाड नगरपालिका जाजरकोट

क) "आर्थिक प्रशासन नियामावली" भन्नाले आर्थिक प्रशासन नियामावली, २०६४ सम्झनु पर्छ ।

ख) "आन्तरीक आय" भान्नले छेडागाड नगरपालिकाको आर्थिक ऐन अनुसार नगरपालिकाको नगरसभाबाट स्विकृत दरमा छेडागाड नगरपालिकाले लगाएको स्थानीय कर, शुल्क, सेवा शुल्क, दस्तुर, निकासी कर र भाडा वापत उठाएको आम्दानी सम्झनु पर्दछ ।

ग) "आयोजना भन्नाले " कूनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तीका लागी तयार पारिएको व्वस्थित क्रियाकलापलाई सम्झनुपर्छ ।

घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले आफूमध्येबाट आयोजनाको निर्माण, संचालन र मर्मत कार्यको लागी गठन गरेकफ समिति , श्रम सहकारी, विषयगत सहकारी , लाभग्रही समुदाय, क्लब वा समूहलाई समंझनु पर्छ ।

ङ) "ऐन " भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

च) "कार्यक्रम " भन्नाले निश्चित उद्देश्य प्राप्तिको लागी तयार पारिएकको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाको संयोजित रुप सम्झनु पर्छ ।

छ) "कार्यविधि" भन्नाले कार्यक्रम तथा योजना संचालन , कार्यान्वयन र फरफारक कार्यविधि सम्झनु पर्छ ।

ज) " गैर सरकारी संस्था " भन्नाले यस कार्यविधिको योजनाको लागी प्रचलित कानून बमोजिम स्थापना भएका छेडागाड नगरपालिका को नगरसभाबाट आफ्नो कार्यक्रम स्विकृत गराई नगरपालिकासँग समन्वय राखी संचालनगर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

झ) "ठूला मेसिनरी तथा उपकरण " भन्नाले यस वातावरणलाई अत्याधिक हंरास पुर्याउने प्रकृतिका उपकरण (बुलडोजर, एक्साभेटर आदी)सम्झनु पर्छ।

ञ) "नगरपालिका" भन्नालले छेडागाड नगरपालिका सम्झनु पर्छ ।

ट) " वितीय समानीकरण" भन्नाले नेपाल सरकार वास साझेदार वा अन्य निकायबाट ऐन, नियामावली र कार्यविधिको परिधिभित्र रही छेडागाड नगरपालिकाको विकि लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारण प्रकृया बमोजिम स्थानीय तहकव नगरसभाबाट कार्यक्रम स्विकृत गरी जवाफदेही अनुदान सम्झनु पर्छ।

ठ) "सशर्त अनुदान" भन्नाले नेपाल सरकारले सर्त तोकीदिएको अनुदानलाई सम्झनु पर्छ ।

ड) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारको विभिन्न विषयगत मन्त्रालय अन्तर्गत निश्चत कार्यक्षेत्र भएका जिल्लास्तरीय कार्यलायहरुलाई सम्झनु पर्छ ।

ढ) "मन्त्राय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्बालय बाहेकका नेपाल सरकारका विकास नर्माण तथा सेवा सुविधाको प्रवाहा सँग सम्बन्धित केन्द्रिय निकाय (मन्त्रालय) सम्झनु पर्छ ।

छेडागाड नगरपालिका कार्कीगाउँ, जाजरकोट

ण) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद , जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षिय एंव बहुपक्षिय दातृ निकाय, संयुक्त राष्टसंघ निकायहरु तथ अन्तराष्टिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

त) "लक्षित समूह" भन्नाले आर्थिक रुपले विपन्न वर्गका एवम् महिला बालबालिका तथा आर्थिक र सामाजिक रुपले पिछडिएका वर्गहरु ( सबै जातजातीका विपन्न वर्गहरु , ज्येष्ठ नागरीक, दलित आदबासी जनजाति, अपाङ्ग भएका व्यक्तिहर, मधेशी, मुश्लिम, तथा पिछडावर्ग ) एवम् नेपाल सरकार ले लक्षित वर्ग भनि तोकिदिएको वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

थ) "लैङ्गिक लेखाजोखा (परिक्षण)" भन्नाले महिला र पुरुषको भुमिका र सम्बन्ध, स्थान, स्तर, अवसर, आदी लेखाजोखा र महिला तथा पुरषबिच समानताकायम गर्नका लागी तय गरिएका कार्यक्रम ल र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

द) "श्रोत " भन्नाले छेडागाड नगरपालिकालाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदान, छेडागाड नगरपालिका आन्तरिक आय, ऋण सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम, बजेट लगायतका नगद वा जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ ।र सो शब्दले उप - महानगरपालिकाकोहकमावितिय समानीकरण वा अनुदान, समपूरक अनुदान, विशेष अनुदान, / विशेष कोषबाट प्राप्त हुने रकमलाई समेत जनाउनेछ ।

ध) "वडा अध्यक्ष" भन्नाले स्थानीय तहको निर्बाचाबाट वडाको अध्यक्षलाई सम्झनु पर्छ ।

न) "सचिव" भन्नाले ऐनको दफा ८४ बोजिम स्थानीय तहो सचिव भै कामकाजगर्न नियूक्त कर्मचारी सम्झनु पर्छ ।

ऩ) "सामाजिक परिक्षण" भन्नाले आर्थिक प्रशासन नियामावलीको नियम २०१ को उपनियम (१) बमोजिम स्थानीय तहको योजना, नीति, कार्यक्रम , आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक, विकासमा गर्ने समग्रर योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्यलाई सम्झनु पर्छ ।

प) "सार्वजनिक लेखापरिक्षण" भन्नाले आर्थिक प्रशासन नियमावलीको २०१ को उपनियम (२) बमोजिम स्थानीय तहले संचालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य,बजेट,(आम्दानी) तथा यसबाट प्राप्त नतिजा उपलब्धी र खर्च आदिको बारेमा सरोकारवालहरुबीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने वा उपलब्धी र खर्च आदीको बारेमा सरोकारवाहरु बिच जानकारी गराउन, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

फ) " सार्वजनिक सुनुवनई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय तहका पदाधिकारीहरु बाट सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रकृया सम्झनु पर्छ ।

छेडागाड नगरपालिका कार्यालय, जाजरकोट

ब) ""सामुदायिक संस्था" भन्नाले  जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन समावेशि विकास र सशक्तिकरण गर्न उद्देश्यले निश्चित प्रकृया अबलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका वा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित टोलविकास संस्थाललाई समेत जनाउनेछ ।

भ) " योजना" भन्नाले समग्र विकास निर्माणसम्बन्धि ९तयार पारिएको आवधिक नगर विकास योजना, बार्षिक विकास योजना, विषयगत नगर गुरुयोजना आदीलाई सम्झनु पर्छ ।

म) "स्थानीय तह" भन्नाले छेडागाड नगरपालिका तथा  यसका सबै वडा कार्यालयहरुलाई समेतलाई जनाउनेछ ।

**३. कार्यविधिको उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हरनेछ ।

क) छेडागाड नगरपालिकाको सबै प्रकारका श्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुर्याउने ।

ख) छेडागाड नगरपालिकाको श्रोतलाई प्राथमिकताप्राप्त क्षेत्रमा लागनी गर्ने आधार र प्रकृयाबारे आधार प्रदान गर्ने ।

ग) बयोजना व्यवस्थापन,बजेट निकासा र खर्च प्रकृयालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने

घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय  कूशलता हासिल गर्न सघाउ पुर्याउने लेखा, लेखापरिक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने ।

ङ) नगरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्वसम्बन्धी व्यवस्थाको प्रबर्द्धन गर्ने ।

च) नगरपालिकाको संस्थागत क्षमता, आयोजना व्यवस्थापन,  अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभभिबृद्धि गर्ने ।

छ) सहभागीततामूलक योजना प्रकृया अवलम्बवन गर्दै योजनाबद्ध विकासका माध्यामबाट स्थानिय आवश्यकता,  प्राथमिकीकरण, असंचालन  एवम् मर्मत संभार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने ।

ज) समावेशी विकासको अवधारण बमोजिम लक्षित समूह र क्षेत्रमलाई मूलप्रवाहीकरणर सशक्तिकरण गर्दै समावेशी विकासलाई संस्थागत गर्ने ।

झ) सामाजिक परिचानलका माध्यमबाट अति विपन्न र विकासमा पहँच नभउका परिवारलाई उनीहरुको क्षमता बढाउदै विकास प्रकृयमा मूलप्रवाहीकरण गर्ने ।

**४. कार्यविधीको  कार्यक्षेत्र:**

छेडागाड नगरपालिका, कार्कीगाउँ, जाजरकोट

छेडागाड नगरपालिकालाई प्राप्त हुने वित्तीय सामनीकरण सशर्त अनुदान, विशेष अनुदान, समपरक अनुदान,समपूरक कोष र विशेष कोष वा नगरपालिकाको आन्तरिक आय, विकास साझेदार, अन्य निकायबाट प्राप्त हुने सबै प्रकारका अनुदान, राजस्व बाडफाँड प्राप्त रकम, वित्तिय संस्थाबा६ प्राप्त ऋण लगायतका सबै प्रकारका श्रोतहरुको परिचालन र व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

तर, संघीय तथा प्रदेश मन्त्रालय, विषयगत निकाय , विकास साझेदार , राष्टिय तथा अन्तराष्टि गैरसरकारी सङ्घस्थाल तथा विकास समिति आदीसँग विशेष उद्देश्य हासिल गर्नकोलागी सम्बन्धित निकायसँग भएको सम्झौता बमोजिम कार्यक्रम वा आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुर्याएको मानिनेछैन ।त्यस्ता कार्यक्रम र आयोजनाको हकमा योजना तर्जुमा, छनौट, संचालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरिक्षण, उत्तरदायित्व, पारदर्शिता, र वित्तीय सुशासन जोखिम न्यूनिकरण लगायतका व्यवस्थाहरु यसै कार्यविधिअनुसार हुनेछन।

## परिच्छेद - २
## अनुदानका किसिम र रकम विनियोजनका क्षेत्रहरु

५. **अनुदानका किसिम र रकम विनियोजनका क्षेत्रहरु:** नगरपालिकामा निम्न प्रकारका अनुदादनहरु उपलब्ध हुनेछन् ।

१) वित्तीय सामानीकरण अनुदान:

क) नेपाल सरकारबाट यस नगरपालिकामा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदान र स्थानीय कर्मचारिको तलब भत्ता दैनिक भ्रमण भत्ता र कार्यालय संचालन खर्च

ख) क्षमता विकास खर्च,

ग) सामाजिक परिचालन खर्च,

घ) पूर्वाधार खर्च,

२) सशर्तअनुदान:

क) बिषयगतकार्यालयकोसरकारबाटनगरपालिकामा खटिएका निजामति कर्मचारी, मन्त्राले स्विकृत गरेको प्रशासन अनुदान कर्मचारीको तलब भत्ता , दैनिक भ्रमण भत्ता र कार्यालय संचालन खर्च ।

ख) कार्यक्रम संचालन खर्च,

ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट पूर्वाधार सम्बन्धी कार्य गर्न प्राप्त अनुदान,

३) विशेष अनुदान,

छेडागाड नगरपालिका कार्कीगाउँ, जाजरकोट

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट कुनै खास तथा प्रदेश सरकारबाट कुनै खास (शिक्षा , स्वास्थ्य आदी ) योजनाको लागी प्राप्त हुने रकम,

४) समपूरक कोष;

क) वित्तीय सामनिकरणमा समपूरक कोषको रकम छुट्याएर सम्बन्धित मन्त्रालयसँग साझेदारिमा कार्यक्रम वा योजना संचाभलन गरिनेछ ।

ख) मर्मत संभार कोष; १) नगरपालिकाभित्र संचालन हुने सडक, खानेपानी, सिँचाई अन्य पूर्वाधार निर्माण नियमित मर्मत गरी योजनाको दिगोपनाको साथै निरन्तर संचाःनमा ल्याउन कूल पूँजीगत खर्चमा १ प्रतिशत रकम मर्मत संभमार विशेष कवषमा जम्मा गर्नु पर्नेछ ।

२) मर्मत संभार कोष संचालन सम्बन्धि कार्यविधि तोकेअनुसार हुनेछ ।

५) कन्टेजेन्सी सम्बन्धमा : छेडागाड नगरपालिकामा संचालन हुने योजना तथा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न पर्ने प्राविध एवम् अन्य प्लाष्टिक सर्पोटको लागी नगरपालिकाको कूल पँजी बजेटमा ५ प्रतिशत रकम कट्टी गर्नुपर्ने छ ।

## परिच्छेद -३

## आयोजना तथा कार्यक्रम संचालन एवम् व्यवस्थापन

**६) आयोजना तथा कार्यक्रम संचालन एवम् व्यवस्थापन र कार्यान्वयन प्रकृया:**

१) छेडागाड नगरपालिकाको नगरसभाबाट स्विकृत कार्यक्रम वा आयोजना कार्यान्वयन प्रकृया देहाय बमोजम हुनेछ ।

क) योजना तथा कार्यक्रम कार्यान्वय गर्दा आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरिद ऐन, २०६३ र छेडागाड नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५र खर्च गर्ने अख्तियारीमा उल्लेखित मार्गदर्शन तथा शर्तहरु समेतको पालन गरी खर्च गर्नु पर्नेछ ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक प्रशासन नियामावलीको परिच्छेद - ५ बमोजिम बार्षिक खरिद योजना र बार्षिक कार्य संचालन योजना नगरसभामा निर्णय भए अनुसार हुनेछ ।

ग) आयोजना तथा कार्यक्रमसंचालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यानदिई सामाजिक परिचालक, विकास साझेदारहरु, बिषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरुको,समेत सहयोग लिनु सकिनेछ ।

घ) छेडागाड नगरपालिकाबाट कार्यक्रम कार्यक्रम वा आयोजन स्विकृत भएपछि उपभोक्ता समित, सहकारी, क्लब, समूह वा संस्था मार्फत संचालन गरिने कार्यक्रम वा

छेडागाड नगरपालिका कार्कीगाउँ, जाजरकोट

आकयोजनाको हकमा बढीमा प्रथम चौमासिक भित्र उपभोक्ता समिति गठन गरी सम्झौताको लागी सम्पर्क राख्न समेबन्धित वडा कार्यालयहरुलाई जानकारी दिनुपर्नेछ ।

ङ) बार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा बयोजना कार्यान्वयनका लागि आर्थिक बर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरि विनियोजित  बजेटको अधिनमा रही ठेक्का मार्फत कार्य गराउनु पर्ने भृमा बोलपत्र सम्बन्धि सम्पूर्ण प्रकृयाहरु पूरा गरिसक्नुपर्नेछ ।

च) आयोजना तथा कार्यक्रम संचालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी प्राणाली अवलम्वन गर्दै पेश्की शून्य अभियानको शुरुवात गर्नुपर्नेछ । तर,स्विकृत खरिद योजना बमोजिम  आयोजना संचालन गर्नुपर्नेछ ।

छ) आयोजना तथा कार्यक्रम संचालन गर्दा वातावरण  संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियामावली , २०५४  र सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखा, २०६५ बमोजिम  प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तथा वातावरवणिइ प्रभाव मूल्याङ्कन (EIA) गरेर मात्र संचालन गर्नुपर्नेछ ।

ज) आयोजना तथा कार्यक्रम कार्यान्वन गर्दा गैरसरकारी सुस्थाबाट संचालन, रेखदेख, र मर्मत संभार कार्यकालागि प्रोत्साहान गर्नुपर्नेछ ।साथै बिषयगत कार्यालय, सहकारी र सामुदायिक संस्थाबाट समेत कार्यक्रम आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ ।

झ) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले छेडागाड नगरपालिकाबाट प्राप्त  गर्ने रकम बैङ्किग सुविधा भएको स्थानमा बैङ्क खाता खोली संचालन गर्नु पर्नेछ । बैङ्किग  सुविधा प्राप्त  नभएको स्थानमा राष्टबैक बाट ईजाजत प्राप्त अन्य वित्तीय  संस्थामा खाताखोली संचालन गर्न सकिनेछ ।

ञ) आयोजना लागत अनुमान अनुसारका खरिद गर्नपर्ने  निर्माण सामाग्रीहरु स्विकृत खरिद योजना बमोजिम तोकिएको समयभित्रै उपभोकता समिति वा आयोजना कार्यान्वयन  गर्ने निकाय आफैले  वा यसता निकायहरुको अनुरोधमा नगरपालिकाले खरिद व्यवस्था गर्न सक्नेछ ।

ट) प्रचलित कानून  बमोजिम  आयोजनाको हिसाब किताव  राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वन गर्ने निकायको  हुनेछ । यस्तो हिसाब किताब राख्ने सम्बन्धित वोडा अध्यक्ष वा सचिवले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

छेडागाड नगरपालिका कार्कीगाउँ, जाजरकोट

ठ) यस नगरपालिकामा संचालित योजनाको विवरण राख्नेऽ नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरीक लेखापरिक्षण गराउने, नियमित रुपमा भौतिक एवम् वित्तीय प्रगित प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी आर्थिक प्रशासन शाखाको हुनेछ ।

ड) कार्यक्रम वा आयोजा कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

ढ) जानीजानी वा लापरवाहीको क कारणबाट तोकिएको समयमा कार्य समम्पन्न नगर्ने उपभवक्ता समिति, संस्था , निकाय वा व्यक्ति आदीसँग नगरपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

ण) नगरपालिकाले पाँच लाख रुपैया भन्दा माथिका आयोजना स्थलमै सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।

त) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएतापनि एक करोड रुपैयासम्म लागत अनुमान भएको कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वन गराउन प्राथिमकता दिनुपर्नेछ ।

२) आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था

क) छेडागाड नगरपालिकाले आयोजनाहरुको लात अनुमान, नक्सा र डिजाईन नगरपालिकामको सम्पूर्ण प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागी खटिएका इन्जिनियर, सब- ईन्जियर र असिष्टेन्ट सब ईन्जिनियरबाट गराउनु पर्नेछ ।

ख) आयोजनाहरुको लागत अनुमान( डिजाइन, इष्टिमेट) तयार गर्दा जिल्ला दररेटको आधारमा निर्माण सामाग्री विवरण समेत खुलाई सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नेछ ।तर प्राविधिक शब्दावलीहरु नेपाली भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अग्रेजीमा तयार लागत तेरिज ( Abstract Of Cost) सर्वसाधारणले बुझ्नेगरी नेपालीः भाषामा तयार गर्नुपर्ने छ ।

ग) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्न कार्यलाई सवही बोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।प्राविधक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नु पर्ने गर्नुपर्ने भएमा सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिस प्राप्त भएमा सोही अनुसार स्विकृत नम्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

७) **उपभोक्ता समिति सम्बन्धि व्यवस्थाः** उपभोक्ता समितिको गठन, संचालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

छेडागाड नगरपालिका कार्कीगाउँ, जाजरकोट

क) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र संचालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलीपी पेश गर्नुपर्नेछ ।

ख) सम्बन्धित वडाको वडाअध्यक्षा वा अन्य पदाधिकारी राजनीतिक दलको प्रतिनिधी रुपमा स्थानीय तहको कुनैपनि पदमा आसिन व्यक्ति, बहालवाल सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यावसायी, सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका, नैतिक पतन देखिन फौजदारी अभियोगमा सजाया भुक्तानी गरेको तीन बर्ष पुरा नभएको व्यक्ति, सारेवजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समिति सदस्य हुन पाउनेछैनन् ।

ग) उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनुका साथै सदस्यहरु साक्षर समेत हुनु पर्नेछ ।

घ) एउटै समयमा उक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै उका संगोलका परिवारवाट एक जना भन्दा बढी ब्यक्ति समितिको सदस्य हुन पाईने छैन ।

ङ) उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडाअध्यक्ष वा निजले तवकेको पदाधिकारीको रोहवरमा गर्नपर्नेछ । यसरी खटिने पदाधिकारीले उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन नगरपालिका कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

च) प्रचलित ऐन नियम,प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमा समिति गठन गरेको सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने पदाधिकारिलाई कारवाही हुनेछ ।

छ) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको अनुसार खटिएको पदाधिकारीले उपभोक्ता समिति गठन गरि सोको जानकारी छेडागाड नगरपालिकालाई जानकारी दिनुपर्नेछ ।

ज) छेडागाड नगरपालिकाबाट कार्यक्रम वा आयोजना स्विकृत भएपछि उपभोक्ता समिति मार्फत संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा २५ दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौता हुन नसकेमा सम्बन्धित स्थानीय तहले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यामबाट आयोजना संचालन गर्नुपर्ने छ ।

झ) छेडागाड नगरपालिकाले आयोजनाकार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटने आयोजनालाई प्राथमिकता दिनेछ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नु पर्ने सहभागिता

बापतको रकम सम्बन्धित छेडागाड नगरपालिकाको खातामा वडा र नगरस्तरीय विकासका योजनाहरुमा ५ प्रतिशत नगद र लागत सहभागितामूलक योजनामा ग्रामिण क्षेत्रमा १५ प्रतिशत र शहरी क्षेत्रमा ३० प्रतिशत नगद रकम जम्मा गरी भौचर पेश गरेपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गर्नुपर्नेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनै पनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

ञ) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिइनेछ ।

ट) तोकिएका काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गरिनेछ ।

ठ) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ड) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत वा कुनै दुई जनाको दस्तखतबाट

ढ) सञ्चालन हुनेछ । खाता संचालकहरूको तीनपुस्ते खुलाई आयोजना खाता र नगरपालिकामा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिको सचिबले राख्नुपर्नेछ ।

ण) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र नगरपालिकालाई जानकारी गराउनु पर्नेछ । सम्बन्धित

छेडागाड नगरपालिका कार्कीगाँउ, जाजरकोट

निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

त) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन सम्झौतामा तोकिए बमोजिमको समयमा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

थ) स्थानीय तहले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ ।

द) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि नगरपालिकाको शहरी विकास तथा योजना महाशाखा सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

ध) छेडागाड नगरपालिका र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

न) उपभोक्ता समितिलाई सम्बन्धित छेडागाड नगरपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

न) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्वन्धित छेडागाड नगरपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

प) उपभोक्ता समितिले मासिक रूपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्वन्धित छेडागाड नगरपालिकालाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत

सम्भार गर्ने, आफुले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयनसंग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति बिबरण छेडागाड नगरपालिकालाई उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्वन्धित छेडागाड नगरपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

फ) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन छेडागाड नगरपालिकामा प्रस्तुत गर्नुपर्दछ ।

ब) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा सम्वन्धित छेडागाड नगरपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ । यसरी उपभोक्ता समिति भंग गर्दा वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ ।

भ) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्वन्धित छेडागाड नगरपालिकाको हुनेछ । अनुगमन गर्ने क्रियाशील उपभोक्ता समितिले प्राप्त गरेको काम व्यक्तिवा संस्थालाई ठेक्का दिई कार्य गरेको पाईए त्यस्तो कामको भुक्तानी दिन नगरपालिका बाध्य हने छैन ।

म) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी सम्बन्धित छेडागाड नगरपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछ्यौंट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको

छेडागाड नगरपालिका, कार्कीगाउँ, जाजरकोट

रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयंले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

य) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय तहका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा वडा कार्यालयको सिफारिस सहित समावेश गर्नु पर्नेछ ।

र) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित वडा कार्यालयले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा छेडागाड नगरपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी छेडागाड नगरपालिकाबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

ऱ) नगरपालिका आफैले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गरिनेछ ।

ल) उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

छेडागाड नगरपालिका,जाजरकोट

ळ) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

ऴ) अनुगमनतथासहजीकरणसमितिकोसम्बन्धमादेहायबमोजिमगर्नुपर्नेछ:

(१) उपभोक्तासमितिवाठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना, वडाध्यक्ष वा निजले तोकेको पदाधिकारी समेत गरी तीन सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

(२) खण्ड (१) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाटसञ्चालनगरिनेकार्यक्रमवाआयोजनाकोहकमासम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गरिनेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ ।

(३) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा छेडागाड नगरपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र छेडागाड नगरपालिकालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(४) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

(५) छेडागाड नगरपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।

छेडागाड नगरपालिका कार्कीगाउँ, जाजरकोट

(६) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्वन्धित छेडागाड नगरपालिकालाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा ब्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र छेडागाड नगरपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले छेडागाड नगरपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित छेडागाड नगरपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

(७) योजना अनुगमन जाचाँ पास तथा फरफारक समिति कार्यपालिकालेतोकेको समितिलेयोजना अनुगमनन जाचाँ पास तथा फरफारक समितिको काम गर्नेछ ।

८. **सार्वजनिकनिजीसामुदायिकसहकारी(पिपिसिसि):** क) सार्बजनिकनिजिसामुदायिकसहकारीकालागिदेहायबमोजिमकाकुराहरुअनिवार्यपालनागर्नुपर्नेछ,

(१) छेडागाड नगरपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसार सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न नगरपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

(३) छेडागाड नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

ख) ठेक्कापट्टासम्बन्धी व्यवस्था: उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरूको छेडागाड नगरपालिकाले प्रचलित कानूनको प्रक्रिया पुर्याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नछ ।

ग) सडक निर्माणसम्बन्धी विशेष व्यवस्था:

छेडागाड नगरपालिका कार्कीगाउँ जाजरकोट

(१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आय आर्जनमा बढावा दिनसक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

(२) छेडागाड नगरपालिकाले नयाँ ट्र्याक खोल्न अत्यावश्यक देखिएमा गुरूयोजनाको प्राथमिकतामा परेको सडकमा मात्र नयाँ ट्र्याक खोल्न सकिनेछ र नयाँ ट्र्याक खोल्दा यातायात सेवा सञ्चालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दुदेखि मात्र क्रमशः निर्माण कार्य गर्नुपर्नेछ ।

(३) छेडागाड नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफु लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्सांकन एवम अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नेछ ।

(४) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुर्याउने खालका आयोजनाहरू तथा छेडागाड नगरपालिको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइने छैन ।

(५) सडक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ । सडककोमापदण्डन्युनतम७मिटरहुनुपर्नेछ।

**९. आयोजनामर्मतसंभारतथाहस्तान्तरणसम्बन्धीव्यवस्था:**

(१) एक करोड रूपैयाँभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ । सोभन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा आर्थिक प्रशासन नियमावलीको नियम ५४ को खण्ड (ग) बमोजिमको मर्मत सभार विशेष

छेडागाड नगरपालिका कार्कीगाउं, जाजरकोट

कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई दीगो गरी सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा समुदायिक संस्थाले सम्बन्धित छेडागाड नगरपालिकाबाट स्वीकृति लिई आवश्यक सेवा शुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजारमध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रूपमा मर्मत संभार नगर्ने आयोजनामा स्थानीय तहबाट थप लगानी हुने छैन ।

**१०. जनसहभागिता एवम लागत सहभागिता:**

(१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु टोलवासीहरुको कर्तव्य हुनेछ ।

(२) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइनेछैन ।

**११. कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका:**छेडागाड नगरपालिकाले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्नेछ:

१. चालू आर्थिक वर्षका वार्षिक कार्य तालिका (खरिद योजना सहित) निर्माण र स्वीकृती पहिलो चौमासिक भित्र ।

छेडागाड नगरपालिका, जाजरकोट

२. वार्षिक कार्यतालिका अनुसार उपभोक्ता समितिको गठन र संझौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश (वार्षिक कार्य योजना अनुसार कार्तिक मसान्तभित्र)

३. आयोजना सम्पन्न गर्ने अवधि (ज्येष्ठ मसान्तभित्र)

४. जाँचपास र फरफारक (आयोजना सम्पन्न भएको ३० दिनभित्र )

५. आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा नगरसभाबाट पारित गर्ने ।

**१२. कार्यक्रमकार्यान्वयनतथासञ्चालनमा सहयोग गर्नुपर्ने:**छेडागाड नगरपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा सामुदायिक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, एवम् सबै सरकारी एवम् गैर सरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नसक्नेछ ।

## परिच्छेद – ५

## अनुगमन एवम् मूल्याङकन्

**१३. सुपरिवेक्षण तथा अनुगमन समिति:**(१) योजना ननरदमन जाचँपास तथा फरफारक सममिल सुपरिवेक्षण तथाअनुगमन समितिको काम गर्नेछ ।

(२) सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।

(घ) गैरसरकारी संस्थाबाट सञ्चालित आयोजना तथा कार्यक्रम प्रभावकारी अनुगमन गरी सोको चौमासिक र बार्षिक प्रतिवेदन प्रदेशको सम्बन्धीत मन्त्रालयमा पठाउने ।

छेडागाड नगरपालिका कार्कीगाउं, जाजरकोट

(४)  समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन चौमासिक रूपमा स्थानीय तहका प्रमुख समक्ष पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदनमाथि स्थानीय तहको बैठकमा छलफल गर्नुपर्नेछ ।

(५) छेडागाड नगरपालिकाले आफ्ना कार्यक्रम वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना÷कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, अनुगमन एवम् समीक्षा गर्नुपर्नेछ ।

६)  समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उप– समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमनसम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(७)  समितिले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम, सुत्केरी भत्ता वितरण बाल संरक्षण अनुदान र व्यक्तिगत घटना दर्ता कार्यक्रम लगायत सामाजिक सुरक्षा सम्बन्धी समग्र कार्यक्रमको अनुगमन गर्नेछ ।

(८) अनुगमनसम्बन्धी अन्य व्यवस्था सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठक वा नगरसभाबाट तोकिए बमोजिम हुनेछ ।

(९)  छेडागाड नगरपालिकाको स्रोतको रकमको सदुपयोग भए नभएको सम्बन्धमा स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले अनुगमन गर्न सक्नेछ ।

**१४. अनुगमनसम्बन्धी थप व्यवस्थाः** (१) छेडागाड नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण नगर सभामा छलफल गराई सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२)  छेडागाड नगरपालिका क्षेत्रभित्र सञ्चालित कार्यक्रम तथा बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षेण तथा अनुगमन गर्नुपर्नेछ । यसरी कार्यक्रम तथा बजेटको लैङ्गिक बजेट परीक्षण गर्दा नगरपालिकालेआफ्नो निर्देशिका बनेसम्मको लागि “स्थानियनिकायलैङ्गिकउत्तरदायीतथासामाजिकवजेटएवम् निर्देशिका, २०६८”बमोजिमगर्नुपर्नेछ ।

छेडागाड नगरपालिका,जाजरकोट

**१५. आयोजना जाँचपास र फरफारकसम्बन्धी व्यवस्थाः** (१) छेडागाड नगरपालिकामा आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

(२) छेडागाड नगरपालिकाका विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित तहबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचवुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

(३) आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ । फरफारक भएका आयोजनाहरूको नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**१६. मूल्यांकन तथा पुरुस्कारसम्बन्धी ब्यवस्थाः** (१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरूको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा कायसम्पादन मूल्यांकर्न
समेतको आधारमा तोके बमोजिम छेडागाड नगरपालिकाको योजना अनुगमन तथा जाँचपास समितिले मुल्याङ्न गर्नेछ ।

(२) योजना अनुगमन तथा जाँचपास समितिले मुल्याङ्नले तोकेको मापदण्ड बमोजिम आफनो क्षेत्रको विकासमा उत्कृष्ट योगदान पुर्याउने व्यक्ति, समाजसेवी, कर्मचारी, उपभोक्ता समिति, सामुदायिक संस्था, टोल विकास संस्था, गैर सरकारी संस्था, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वन उपभोक्ता समिति, कृषि समितिका पदाधिकारी एवम कर्मचारीहरूलाई पुरस्कृत गर्न सक्नेछ ।

(३) योजना सम्झौता सम्वन्धि व्यवस्था, कार्यान्वयन सम्वन्धि प्रक्रिया साविककै हुनेछन् र यस सम्वन्धि नेपाल सरकार वा प्रदेश सरकारले कुनै थप निर्णय गरे सोही बमोजिम हुनेछ ।

**१७. विविधः** यस कार्यविधि स्वीकृत हुनुभन्दा अघि संचालन भएका योजनाहरुको फरफारक प्रचलित कानुन र यस कार्यबिधि अनुसार गरिने छ ।

आज्ञाले
प्रेम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणिकरण मितिः २०७५।११।२२**

छेडागाड नगरपालिका, जाजरकोट